नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७८/०७९
चलानी नं.:- ३६९

मितिः-२०७८/११/३०

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**

**स्थानीय तह (सबै )**

विषय : स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गुणस्तर परीक्षण सम्बन्धमा ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानूनले स्थानीय तहको कार्य जिम्मेवारी तोकेका विषय, कार्यविधि र उपलब्धीका बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको विश्लेषण गर्ने प्रयोजनका लागि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ कार्यन्वयनमा रहेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन) मा स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी आ-आफ्नो Website र सूचनापाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । यसै सन्दर्भमा कार्यविधिको दफा (९) (क) बमोजिम स्वमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण गर्ने कार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रहेको र सो कार्यका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत सहजकर्ताहरु परिचालन गर्ने कार्य प्रक्रियामा रहेको छ । गुणस्तर परीक्षण कार्य प्रारम्भ भएपछि अनलाईन प्रणालीमा थप कागजात प्रविष्ठी तथा विवरण सच्याउने कार्य गर्दा गुणस्तर परीक्षण कार्य प्रभावित हुने भएकोले मिति २०७८/१२/१० गते पश्चात् उक्त प्रणाली बन्द गरिने व्यहोरा अनुरोध गर्दै गुणस्तर परीक्षण गर्न आउने सहजकर्तालाई गुणस्तर परीक्षणको कार्यमा आवश्यक सहयोग र समन्वय हुन निर्णयानुसार अनुरोध छ।

७८।११।३०

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ :

**श्री जिल्ला समन्वय अधिकारीज्यू,**

**जिल्ला समन्वय समिति (सबै)**: उल्लिखित विषयमा तहाँबाट आवश्यक समन्वय र सहजीकरण हुन ।

**श्री सूचना तथा प्रविधि शाखाः** Website मा अपलोड गरिदिनु हुन ।

**श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम** , बबरमहल ।